यहि मिति २०८१ भाद्र महिनाको २७ गते बसको कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं. १

यस गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

निर्णय नं. २

यस गाउँपालिकाको आ. व. ०८१।०८२ को लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाका प्रमुखहरुबीच कार्यसम्पादन भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस कार्यालयको आ को सामाजिक सुरक्षा भत्ता ०८१/०८० .व.बापतको बाँकी कूल रु १५१६८०(अक्षरुपी एक लाख एकावन्न हजार छ सय असी रुपैया मात्र) अपुग रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ र १४ बमोजिमका आधार, कारण एवं आवश्यक कागजात सहित माग गर्ने भनि आर्थिक प्रशासन शाखाबाट पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४

यस गाउँपालिकाको आ.व. २०८१/ ०८२ को स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण विषयगत शाखाबाट तयार भई कार्यालय प्रमुखबाट स्वीकृत भएको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना र प्राविधिक शाखाबाट पेश भएको वार्षिक खरिद योजनालाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस महाभारत गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य (Contract No. WORKS/MRMO/078-79/01) को ठेक्का सम्झौताको अवधि २०८१ आषाढ मसान्तसम्म कायम रहेकोमा विभिन्न काबु वाहिरको परिस्थितिको कारण समयमै सम्पन्न हुन नसकेको हुँदा उक्त ठेक्का सम्झौताको अवधि म्याद थप भएको मितिबाट लागू हुने गरी २०८१ पौष मसान्तसम्म थप गर्ने भनि प्राविधिक शाखाबाट पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस महाभारत गाउँपालिकाभित्रका मुख्य-मुख्य सडकहरु वर्षादिका कारण अवरुद्ध भएको हुँदा उक्त सडकहरुलाई सुचारु गर्न यस कार्यालयको मर्मत सम्भार कोषबाट खर्च हुनेगरी तपशिलका सडकहरुलाई देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | सडकको नाम | वडा नं. | विनियोजित रकम रु |
|---|---|---|---|
| १. | चैत्यपानी बेतेनी आलेबाँसपुर राङचाखोला उघाउने गलटार मगरगाउँ आहालेबाँसपुर सडकखण्ड | ५, ७, ६ | ७ लाख |
| २. | सोला सहान छोटेसहान सडक खण्ड | ४, ३, ८, १ | ३ लाख |
| ३. | मसानेभन्ज्याङ पात्ले स्याप्लेडाँडा ताराखसे अम्बलबास टोके धाप भन्ज्याङ सडकखण्ड | ३, २, १ | ७ लाख |
| ४. | चारकिल्ला भलडाँडा चौडिक घमाईलो तीनखुट्टे खोलाघारी घ्याप्रीङ बाह्रविसे सडकखण्ड | ५ | ५ लाख |
| ५. | धाप भन्ज्याङ आँपटार गाता चौरी महाथान घर्तिछाप पात्ले सिउरेनी आकुरा सडकखण्ड | १, ८ | ४ लाख |
| ६ | मेलुङ ठाडे फोक्सिङ्टार सडक | ३,४ | १ लाख |
| | जम्मा | | |

कान्छामान जिम्बा

प्रवक्ता

CamScanner